# धरान उप-महानगरपालिका कार्यालय

प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने वारेको ३० दिने सूचना

यस उपमहानगरपालिकाले यस कार्यालयको स्वामित्वमा रहेको तपसिलका सम्पत्तीहरुलाई सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत डिजाईन, विकास, सञ्चालन र हस्तान्तरण (Design, Develop, Operate and Transfer-DDOT) मार्फत विकास, सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धमा ईच्छुक फर्म, संस्था, कम्पनी वा गैरसरकारी संस्थाहरुलाई यो सूचना प्रकाशित मितिले ३० दिन भित्र पेश गर्नु हुन यो सूचना आह्वान गरिएको छ ।

**<u>प्राविधिक प्रस्तावमा उल्लेख हुनु पर्ने कुराहरु</u>**

1. विस्तृत सूचना सहितको फाराम धरान उपमहानगरपालिकाबाट रु. १०००/- मा खरिद गर्नु पर्नेछ।
2. विस्तृत प्राविधिक परिकल्पना सहितको Drawing, Design र अनुमानित लागतको संक्षीप्त विवरण ।
3. अबधि वढिमा २५ वर्ष सम्म हुने र त्यस पछि आपसी सहमतीमा अगाडी बढाउन सकिनेछ ।
4. फर्म वा कम्पनीको विगत १० वर्षको लेखा परिक्षण प्रतिवेदन (घटीमा ३ वर्षको ) पेश गर्नु पर्नेछ ।
5. कुनै वाणिज्य बैंकबाट रु. ३,००,००,०००/- (तीन करोड) बरावरको Line of Credit Facility प्राप्त गरेको प्रमाण पेश गर्नु पर्नेछ ।
6. परियोजनाको लागि आवश्यक भौतिक सामाग्रीहरुको विवरण ।आफैंसंग भएको वा भाडामा लिने सो खुल्ने कागजात पेश गर्नु पर्नेछ ।
7. संस्था, कम्पनीको कर चुक्ता र नविकरण पत्र।
8. साझेदारी भए साझेदारीको सम्झौता ।
9. आयोजना सञ्चालनको विस्तृत कार्य योजना विवरण (साधन तथा श्रोत, जनशक्ति, अन्य कुराहरु भए सो समेत उल्लेख गर्ने)।
10. आयोजनाबाट पर्न सक्ने वातावरणीय, सामाजिक, आर्थिक प्रभाव र नकारात्मक प्रभाव पर्न सक्ने भए सो रोकथामको उपायहरुका साथै चुनौती र समाधानका उपायहरु समेत पेश गर्नु पर्नेछ ।
11. प्राविधिक प्रस्ताव मूल्यांकनका मुख्य आधारहरु जस्तै फर्मको अनुभव, कार्यसञ्चालन तरिका, जनशक्तिको व्यक्तिगत योग्यता र अनुभव खुल्ने कागजपत्र पेश गर्नु पर्नेछ ।

**<u>आर्थिक प्रस्तावमा उल्लेख हुनु पर्ने कुराहरु</u>**

1. विस्तृत रुपमा लागत (खर्च) र आम्दानी (प्रस्तावित) देखिने व्यवसायिक योजना ।
2. प्रत्येक वर्ष हुने आय-व्ययको अनुमान र यसका आधारहरु ।
3. अनुमानीत बचत रकमबाट न.पा.लाई दिन प्रस्ताव गरिएको रकम ।वार्षिक रकम, वृद्धि अवधि वा अन्तराल र प्रतिशत आदि ।
4. योजनाको कुल लागत अनुमानको २.५% ले हुने रकमको १ वर्ष अवधिको मान्यताप्राप्त बैकबाट यस कार्यालयको नाममा जारी गरिएको बैक ग्यारेण्टी वा नगदै धरौटी ।(यस कार्यालयको धरौटी खाता नं. २१६०३०३००३३०० रा.बा.बैक धरान)
5. विस्तृत रुपमा यस सम्बन्धी बुझ्नु परेमा धरान उप-महानगरपालिका कार्यालयमा सम्पर्क गर्नु पर्नेछ ।

**तपसिल**

क) सप्तरंगी पार्क, धरान-१७ मा पर्यटकीय गतिविधि सहित व्यवसायीक प्रयोजन ।

ख) धरान वडा नं. ३ र वडा नं. ६ को विचमा पर्ने भौडी क्षेत्रमा पार्किङ सहित व्यवसायीक प्रयोजन ।

ग) धरान ६ भानुचोकको उत्तर पश्चिममा रहेको खालि जग्गा (प्रस्तावित सपिङकम्प्लेक्स भवन निर्माण स्थल) मा पार्किङ सहित मल्टीप्लेक्स निर्माण ।

कार्यकारी अधिकृत एवं प्रमुख
धरान उप-महानगरपालिका कार्यालय